# गण्डकी प्रदेश सभा

## पोखरा, नेपाल

छैटौं अधिवेशन

छब्बिसौं बैठक

**दैनिक कार्यसूची**

**मिति २०८१ साल असोज ७ गते, सोमबार, दिनको २:०० बजे**

### विशेष समय

१. विशेष समयमा बोल्न चाहने माननीय सदस्यहरुलाई समय उपलब्ध गराउने ।

### माननीय मुख्यमन्त्रीबाट सम्बोधन

२. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले सभालाई सम्बोधन गर्नुहुने ।

### शुन्य र विशेष समयमा उठेका प्रश्नहरुको जवाफ

३. माननीय स्वास्थ्य मन्त्री श्री कृष्ण प्रसाद पाठकले विभिन्न मितिको सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुहुने ।

४. माननीय भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री श्री प्रकाश बहादुर के.सी.ले विभिन्न मितिको सभाको बैठकको आकस्मिक, शुन्य र विशेष समयमा माननीय सदस्यहरुले उठाउनु भएका प्रश्नहरुको जवाफ दिनुहुने ।

### व्यवस्थापन कार्य

५. माननीय उद्योग तथा पर्यटन मन्त्री श्री मित्रलाल वस्यालले "गण्डकी प्रदेशमा साझेदारी फर्मको नियमन तथा व्यवस्थापन गर्न बनेको विधेयक" सम्बन्धमा प्राप्त संशोधन प्रस्ताव सहित दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गर्नुहुने ।

६. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले "केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक" माथिको दफावार छलफल सभामा गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्नुहुने । उक्त विधेयक माथि दफावार छलफल पश्चात निर्णयार्थ प्रस्तुत हुने ।

### कार्यव्यवस्था परामर्श समितिमा सदस्य मनोनयन

७. माननीय सभामुखले कार्यव्यवस्था परामर्श समितिमा रहने सदस्यको मनोनयन सम्बन्धी प्रस्ताव गर्नुहुने।

### विषयगत समितिको वार्षिक प्रतिवेदन

८. माननीय सभामुखले गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिबाट मिति २०८१/०२/२९ मा सभामा प्रस्तुत भएको "सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०८१" र अर्थ तथा विकास समितिबाट मिति २०८१/०३/११ मा प्रस्तुत भएको "अर्थ तथा विकास समितिको वार्षिक प्रतिवेदन, २०८१" कार्यान्वयनका लागि प्रदेश सरकारलाई पठाउने सम्बन्धी प्रस्ताव गर्नुहुने ।

...................

हरिराज पोखरेल

प्रदेश सभा सचिव